जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १३ • अंक २ • २०८२ कार्तिक ८ गते शनिवार • 25 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-






समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



# तिमी अचेल पहिले जस्ती छैनौ

*तिमीलाई भेट्दा तिमी 'इन्द्रेणी' थियौ*
*अचेल देख्दा लाग्छ, म 'ह्यालुसिनेसन'मा छु*
*म देख्छु - स्पष्ट छुट्टिन नमानेका सात रङ*
*म नियाल्छु - तिम्रो अस्तित्वको अर्ध चक्र*
*तर पाउँदै पाउँदिनँ, तिमी जस्ती तिमी ।*
*कहरका शीतले कठ्याङ्गिएका रहर देखे*
*तिमी बाध्यताका डाँडा छिचोलेर नि उदाउँथ्यौ*
*अभावले सेकेर धाँजा फाटेका सपना देखे*
*तिमी आफन्तहरूसँग चड्केर नि वर्षिन्थ्यौ*
*वसन्तको दयामा खुसीको एउटा आँकुरा देखे*
*तिमी आफ्नै खुसी बन्धकी राखेर नि बेरबार गर्थ्यौ अचेल,*
*शीत लहरले रहर लग्नै लाग्दा झुल्किन्छ्यौ*
*म देख्ने हालतमै थिइनँ भनेर उम्किन्छ्यौ प्रिय,*
*मलाई तिम्रै गमलामा हुर्केको बानी छ*
*बगैँचामा प्रकृतिको भव्य स्याहारले पनि पुग्दैन ।*
*चित्त नबुझेर खुम्चेको निधार देखे*
*तिमी पश्चातापको लाली लाएर चुम्न आउँथ्यौ*
*चित्त बुझेर फुलेको छाती देखे*
*तिमी समानुभूतिको आँगालोले नाप्रुन आउँथ्यौ*
*चित्त दुखेर बर्सेका आँखा देखे*
*तिमी सहानुभूतिका औँलाले पुछ्न आउँथ्यौ अचेल,*
*तिम्रो ओठले निधार चुम्दैन*
*चुमे पनि लाली औपचारिकताको हुन्छ*
*तिम्रो अँगालोले छाती नाप्दैन*
*नापे पनि नाप्रुने फिता विवशताको हुन्छ*
*तिम्रा औँलाले आँसु पुछ्दैनन्*
*पुछे पनि आँसु मात्र पुछ्छन्*
*पीडाको खिल डिलमै छाडेर जान्छन् । अचेल,*
*मलाई देख्न नपाउँदै तिम्रो मुटु भतभतिन्छ*
*प्रेमको गाजल लाउन नपाउँदै गालाभरि लतपतिन्छ*
*जुन मेरो चुम्बनले मेटाउन सक्दैन । अचेल,*
*मेरो स्वर सुन्रुन नपाउँदै तिम्रा कान भनभनिन्छन्*
*प्रेमको झुम्का झुन्डिन नपाउँदै भुइँमा रनथनिन्छन्*
*जुन मेरा हातले भेटाउन सक्दैनन् । अचेल,*
*मैले जे गरे पनि तिम्रो मुहारमा बादल लाग्छ*
*किन सोध्न नपाउँदै रिसले तिम्रो वक्ष फैलिन्छ*
*जुन मेरो अँगालोमै अटाउन सक्दैन । अचेल,*
*हो, तिमी अचेल पहिले जस्ती छैनौ*
*हुन त म पनि पहिले जस्तो छैन कि ?*

***– परी विक्रम***

# मधेससहित देशकै प्रमुख चाडको रूपमा मनाउन थालिएको छठ पर्वको तयारीमा स्थानीय जनसमुदाय तिव्र रूपले जुटे

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ७ कार्तिक**

दिपावली समापनसँगै मधेससहित देशकै प्रमुख चाडको रूपमा मनाउन थालिएको छठ पर्वको तयारीमा स्थानीय जनसमुदाय तिब्र रूपले जुटेका छन् ।

छठका लागि महोत्तरीको सदरमुकाम जलेश्वरसहित सबै गाउँ सहरका पोखरी, नदी, तलाउहरूमा तयारी सुरु भएको समाजशास्त्री नागेन्द्र दुबेले जानकारी दिनुभयो । यस पर्वमा उदाउँदो र अस्ताउँदो सूर्यको पूजा पानी मै गरिने भएकाले महोत्तरी सहित सम्पूर्ण मिथिलाञ्चलका जलाशयहरूमा सरसफाइ, घाट निर्माण, खाल्डाखुल्डी पुर्ने, सडक मर्मतको काममा जुटेको स्थानीय सञ्चारकर्मी समेत रहेका औरही नगरपालिका युवा धर्वेन्द्रकुमार यादवले बताउनुभयो । प्रायः स्थानमा जनस्तरबाटै छठघाटहरू सजाइने गरिए पनि सदरमुकाम जलेश्वरस्थित बरुण सर पोखरी, पुरानो बस स्ट्यान्ड पोखरी, परिक्रमागाछी पोखरी सहित जिल्लाका अन्य स्थानीय तह समेतको सहयोगमा घाटहरूमा सरसफाइ र सजावट लगायतका काम भइरहेको छ। जलेश्वरस्थित बरुण सर पोखरीमा नगरपालिकाको तर्फबाट घाटहरूमा रङरोगनका साथै सरसफाइ गरिएपछि घाट विगतकोभन्दा निक्कै आकर्षक देखिएको छ। पोखरीमा निजीस्तरबाट दुईथान बोट समेत सञ्चालन गरिएको छ। यता नेपाल र भारत तथा महोत्तरी र धनुषा छुट्याउने सीमा क्षेत्रमा पर्ने मटिहानी तुल्सियाहीस्थित बिग्ही नदीको किनारमा समेत छठको तयारी थालिएको छ।



महोत्तरी जिल्लाको मटिहानी, धनुषाको तुलसियाही र भारत बिहारको मधवापुर-रामपुरमा छठ पर्व मनाउनका लागि बिग्ही नदी (खोला) किनारमा करिब दुई किलोमिटर लामो दूरीमा टेन्ट सहित भव्य छठघाट निर्माण गर्न थालिएको छ । यो छठघाट सम्भवतः नेपाल कै सबैभन्दा लामो दूरीमा निर्माण गरिएको छठघाटको रूपमा चिनिन्छ। यस छठघाटलाई नेपाल-भारत मैत्री र सांस्कृतिक सङ्गम स्थलका रूपमा पनि चिनिन्छ ।




# मधेस प्रदेशमा छठ पर्वका लागि थप एक दिन सार्वजनिक बिदा




**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ७ कार्तिक**

मधेस प्रदेश सरकारले छठ पर्वको चौथो दिन अर्थात् कात्तिक ११ गते थप एक दिन सार्वजनिक बिदा दिएको छ।

प्रदेशअन्तर्गत गृह, सञ्चार तथा कानुन मन्त्रालयले शुक्रबार सार्वजनिक बिदासम्बन्धी सूचना जारी गर्दै छठपर्वको भोलिपल्ट (कात्तिक ११ गते मङ्गलबार) बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ समापन गर्नुपर्ने भएकाले प्रदेशभरि सार्वजनिक बिदा दिने निर्णय गरिएको जनाइएको हो।

मन्त्रालयका उपसचिव गणेश नायकले जारी गरेको सूचनामा मधेस प्रदेश सरकारद्वारा विसं २०८१ चैत २२ गते प्रदेश राजपत्रमा प्रकाशित थप बिदासम्बन्धी सूचनामा छठका अवसरमा थप एक दिन बिदा दिने भनी उल्लेख भएको जानकारी दिँए। उनले सोहीअनुसार कात्तिक ११ गते थप एक दिन सार्वजनिक बिदा दिने निर्णय भएको बताए।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: पिछडेको साथी मिल्ने
मिथून: खानपानमा समस्या आउने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: आम्दानी हुने
कन्या: लामो यात्राको योग छ
तुला: अनावश्यक चिन्ता
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: मनमा पछुतो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

## जलवायु परिवर्तन र अपर्याप्त कोषका कारण मलेरिया नियन्त्रणको प्रगति अवरुद्ध

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ कार्तिक**



दुई दशकसम्मको उल्लेखनीय प्रगतिका बाबजुद् मलेरिया विरुद्धको लडाइँ हाल रोकिएको अभियानकर्ताहरूले बताएका छन्। जलवायु परिवर्तन, जनसङ्ख्या वृद्धि र अन्य घातक रोगहरूको पुनरुत्थान रोक्ने अभियानमा ध्यान केन्द्रित हुँदा लामखुट्टेबाट सर्ने मलेरिया विरुद्धको अभियान प्रभावित बनेको उनीहरूको भनाइ छ। अपर्याप्त रकमका कारण मलेरिया नियन्त्रणको प्रयास अवरुद्ध भएको र यसले लाखौंको ज्यान तथा अर्बौं डलरको क्षति निम्त्याउन सक्ने चिन्ता व्यक्त गरिएको छ।

अफ्रिकन लिडर्स मलेरिया एलायन्स (एएलएमए) र मलेरिया नो मोर यूकेले जारी गरेको नयाँ प्रतिवेदनमा यसको गम्भीर प्रभाव अफ्रिकामा सबैभन्दा बढी देखिएको उल्लेख छ। सन् २०२३ मा विश्वव्यापी रूपमा मलेरियाका कारण पाँच लाख ९० हजार व्यक्तिको मृत्यु भएकोमा यस रोगको ९५ प्रतिशत प्रभाव अफ्रिकामा थियो। संयुक्त राष्ट्रसङ्घको विश्व मलेरिया रिपोर्ट २०२४ अनुसार, सन् २०२३ मा विश्वव्यापी रूपमा औलोका लगभग २६ करोड ३ लाख सङ्क्रमित बिरामी भेटिएका थिए, जुन अघिल्लो वर्षको तुलनामा १ करोड १० लाखभन्दा बढीले सङ्क्रमितहरूको वृद्धि हो।

## शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर यस्तो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ कार्तिक**




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ २५ पैसा र बिक्रीदर १४० रुपैयाँ ८५ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६२ रुपैयाँ ५६ पैसा र बिक्रीदर १६३ रुपैयाँ २६ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८७ रुपैयाँ १४ पैसा र बिक्रीदर १८७ रुपैयाँ ९४ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७५ रुपैयाँ ६६ पैसा र बिक्रीदर १७६ रुपैयाँ ४२ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ २३ पैसा र बिक्रीदर ९१ रुपैयाँ ६२ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ २० पैसा र बिक्रीदर १०० रुपैयाँ ६३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ ९० पैसा र बिक्रीदर १०८ रुपैयाँ ३६ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ १८ पैसा र बिक्रीदर नौ रुपैयाँ २२ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ६९ पैसा र बिक्रीदर १९ रुपैयाँ ७७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ३९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५५ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ४८ पैसा र बिक्रीदर ३८ रुपैयाँ ६४ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ २८ पैसा र बिक्रीदर चार रुपैयाँ २९ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ १८ पैसा र बिक्रीदर ३८ रुपैयाँ ३५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३३ रुपैयाँ १६ पैसा र बिक्रीदर ३३ रुपैयाँ ३१ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७४ पैसा र बिक्रीदर नौ रुपैयाँ ७८ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ८९ पैसा र बिक्रीदर १४ रुपैयाँ ९५ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ७६ पैसा र बिक्रीदर २१ रुपैयाँ ८६ पैसा तोकिएको छ।

## असरानीको निधनपछि अक्षय डिप्रेसनमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ कार्तिक**



बलिउडका दिग्गज अभिनेता असरानीको लामो बिमारीपछि सोमबार निधन भएको छ। पाँच दशकभन्दा बढी समयको करियरमा उनले ३५० भन्दा बढी चलचित्रमा काम गरेका छन्।

असरानीसँग 'हेरा फेरी' र 'भूल भुलैया' जस्ता सफल फिल्ममा काम गरिसकेका अभिनेता अक्षय कुमार उनको निधनपछि डिप्रेसनमा रहेको खुलासा निर्देशक प्रियदर्शनले हालै एक अन्तर्वार्तामा गरेका छन्।

प्रियदर्शनले न्यूज १८ लाई दिएको अन्तर्वार्तामा बताएअनुसार असरानीको निधनले अक्षय कुमार निकै प्रभावित भएका छन्। अक्षयले प्रियदर्शनलाई दुई पटक फोन गरेर आफू डिप्रेसनमा रहेको महसुस भएको बताएका थिए, किनकि उनी पछिल्लो ४०-४५ दिनदेखि असरानीसँग प्रियदर्शनकै निर्देशनमा बनिरहेका दुई चलचित्र 'हैवान' र 'भूत बंगला' मा काम गरिरहेका थिए।

प्रियदर्शनले असरानी एक महान् अभिनेता भएको र उनले आफूलाई कहिल्यै नक्कली नदेखाई सधैँ हँसाउने गरेको बताए। उनले अक्षयलाई सधैँ राम्रो सल्लाह दिने गरेको पनि स्मरण गरे। यसअघि, असरानीको निधनको खबर पाएपछि अक्षय कुमारले सामाजिक सञ्जालमा भावुक श्रद्धाञ्जली दिँदै लेखेका थिए, 'असरानीजीको निधनको खबर सुनेर स्तब्ध छु।

मात्र एक हप्ताअघि मात्रै हामी 'हैवान'को सुटिङमा भेटेर अंकमाल गरेका थियौँ। उहाँ धेरै प्यारा मानिस हुनुहुन्थ्यो, उहाँको कमिक टाइमिङ साँच्चै लाजवाब थियो।' उनले यो उद्योगका लागि ठूलो क्षति भएको बताएका छन्।

## लाहिरू मिलान्थाले जनकपुर बोल्ट्सबाटै खेल्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ कार्तिक**




अमेरिकन क्रिकेटर लाहिरू मिलान्थाले दोस्रो सिजनको नेपाल प्रिमियर लिग (एनपीएल) पनि जनकपुर बोल्ट्सबाटै खेल्ने भएका छन्। जनकपुर बोल्ट्सले श्रीलंकन ओरिजिनका अमेरिकन क्रिकेटर मिलान्थालाई यो सिजन पनि अनुबन्ध गरेको जनाएको हो।

एक समय श्रीलंका 'ए' र श्रीलंकाको इमर्जिङ टोलीबाट खेलेका मिलान्थाले यसअघि पनि नेपालमा आएर खेलिसकेका छन्। उनी हाल अमेरिकामै क्रिकेट खेल्दै आएका छन्। नेपाल क्रिकेट संघले तीन वर्षअघि आयोजना गरेको नेपाल टी-२० लिगमा उनले लुम्बिनी अल स्टारबाट खेलेका थिए। अल स्टार टोलीलाई च्याम्पियन बनाउने क्रममा मिलान्थाले १२२ माथिको स्ट्राइक रेटमा ३४९ रन बनाएका थिए। उनी सो प्रतियोगितामा सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा तेस्रो स्थानमा थिए। मिलान्थाले फाइनलमा ४१ रन बनाएका थिए। मिलान्थालाई अनुबन्ध गर्न रणनीतिक कदम भएको र उनको यसअघिको अनुभव एनपीएलका लागि राम्रो हुने जनकपुर बोल्ट्सका निर्देशक अमित राम श्रेष्ठले बताए। 'लाहिरु मिलान्थालाई अनुबन्ध गर्नु जनकपुर बोल्ट्सका लागि रणनीतिक कदम हो। उनीसँग यसअघि नेपालमा खेलेको अनुभव छ र त्यो हाम्रो लागि ठूलो सम्पत्ति हो।







# तराई मधेसको मुख्य पर्व छठलाई लक्षित गर्दै शान्ति सुरक्षाका लागि 'अप्रेसन आस्था' लागु



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ कार्तिक**

तराई मधेसको मुख्य पर्व छठलाई लक्षित गर्दै शान्ति सुरक्षाका लागि 'अप्रेसन आस्था' लागू गरिएको छ। छठपर्व शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गराउनका लागि मधेस प्रदेश प्रहरी कार्यालयले 'अप्रेसन आस्था' नामक विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याएको मधेस प्रदेश प्रहरीका प्रहरी नायब महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाले जानकारी दिए।

यस योजना अन्तर्गत प्रदेशभरका ८ वटै जिल्लामा करिब ७ हजार सुरक्षाकर्मी परिचालन गरिएको छ । प्रहरी नायब महानिरीक्षक थपलियाले 'अप्रेसन आस्था'बारे जानकारी दिँदै छठपर्वको संवेदनशीलतालाई ध्यानमा राखेर विशेष सुरक्षा प्रबन्ध मिलाइएको बताए। उनका अनुसार मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने, झैझगडा गर्ने, भीडभाडमा अव्यवस्था सृजना गर्नेलगायत सम्भावित घटनालाई रोक्न यो विशेष योजना लागू गरिएको हो । सुरक्षाकर्मीको परिचालनमा ट्राफिक प्रहरी, महिला प्रहरी, मोबाइल पेट्रोलिङ टोली र सादा पोशाकका सुरक्षाकर्मीसमेत समावेश गरिएको छ।

प्रहरी नायब महानिरीक्षक थपलियाले प्रहरी बललाई छठघाट, तलाउ, नदी किनार, बजार क्षेत्र र मुख्य राजमार्गमा विशेष सतर्कता अपनाउन निर्देशन दिइएको बताए। उनले छठपर्व आस्थासँग जोडिएको पर्व भएकाले जनताको श्रद्धा र विश्वास सुरक्षित राख्न सुरक्षाका सबै संयन्त्र सक्रिय रूपमा खटिने प्रतिबद्धता व्यक्त गरे । प्रहरीले मादक पदार्थ सेवन गरेर सवारी चलाउने वा सार्वजनिक स्थानमा हुलदङ्गा गर्ने जोकोहीलाई पनि कडा कारबाही गरिने चेतावनी दिएको छ।

# दुई किलोमिटर लामो टेन्टसहितको छठघाटले जोड्यो नेपाल र भारत



**आरजे इर्हाद शेख**
**रौतहट, ७ कार्तिक**

महोत्तरी जिल्लाको मटिहानी, धनुषाको तुलसियाही र भारत बिहारको मधवापुर-रामपुरमा छठ पर्व मनाउनका लागि बिगही नदी (खोला) किनारमा करिब दुई किलोमिटर लामो दूरीमा टेन्टसहित भव्य छठघाट निर्माण गरिएको छ। यो छठघाट नेपालकै सबैभन्दा लामो दूरीमा निर्माण गरिएको छठघाट भनिएको छ।

सांस्कृतिक एकता र धार्मिक सहअस्तित्वको प्रतीकका रूपमा यो छठघाटलाई नेपाल-भारत मैत्री र सांस्कृतिक संगम स्थलका रूपमा चिनिएको छ।

# छठ बर्तालुहरूलाई नेतसि अस्पतालका संचालक डा. यादवद्वारा साडी, गेहूँ र साठी धान वितरण

**अभिमन्यु मटेल**
**रौतहट, ७ कार्तिक**

तराई-मधेसका प्रमुख आस्थाका पर्व छठको पावन अवसरमा रौतहटमा श्रद्धालु बार्तालुहरूलाई पूजाका आवश्यक सामग्रीहरू वितरण गरिएको छ । माधव नारायण नगरपालिका-३, भेल्ही टोल निवासी तथा नेपाल तराई सिटी अस्पताल, सुकदेव चौकका सञ्चालक डा. मधुरेन्द्र कुमार यादवले आफ्नो व्यक्तिगत पहलमा एक सय पच्चीस जना छठ बार्तालुहरूलाई साडी, गेहूँ र साठी धान वितरण गरेका हुन्।



डा. यादवका अनुसार छठ पर्वमा महिलाहरूले आफ्नो श्रीमान, छोरा र सन्तानको दीर्घायु, समृद्धि र कल्याणका लागि कठोर उपवास बस्ने परम्परा रहिआएको छ। यस पवित्र पर्वमा नयाँ लुगा, साठी धानको खिर र गेहूँको पीठोबाट बनेको रोटी अनिवार्य रूपमा प्रयोग गरिने भएकाले सो सामग्री वितरण गरिएको हो । हाम्रो समाजका मातृशक्तिहरूको आशीर्वादले नै आज म यो स्थानमा पुगेको छु। नेपाल तराई सिटी अस्पताल सुचारु रूपमा सञ्चालन हुँदै समाजसेवामा योगदान गर्न पाएकोमा म अत्यन्त हर्षित छु, डा. यादवले भावुक हुँदै बताए। उनीका अनुसार आगामी दिनहरूमा पनि समाजको सेवा, सहयोग र जनकल्याणका कार्यमा निरन्तर सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेका छन्।

स्थानीयहरूले डा. यादवको यो सामाजिक तथा धार्मिक योगदानको उच्च प्रशंसा गर्दै यसले छठ पर्वको धार्मिक एकता र सद्भावलाई अझ मजबुत बनाएको प्रतिक्रिया दिएका छन्।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence





GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Dhanusha
Contact : 9844027971,9824877627
Class- PG to Class-X
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket, Classical Dance, Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.






जुवातासले गर्छ सर्वनाश
जुवातासको लतले,
- पारिवारिक, कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरु कुलतमा फस्न सक्छन्,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,
जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले नखेलौं/नखेलाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड








प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday